# काठमाडौं महानगरपालिका कार्यालयको

# आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति सम्बन्धी दरखास्त आह्वानको सूचना

**सूचना नं.४/०७२।०७३.**

काठमाडौं महानगरपालिकामा रिक्त रहेका तपसीलका पद, तह र सेवाका कर्मचारीहरुको स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम **२१३घ.** मा सहायकस्तर पहिलो तहका कर्मचारीहरुद्वारा पदपूर्ति गरिने भन्ने व्यवस्था भए बमोजिम खुला प्रतियोगिताद्वारा पूर्ति गरिने बीस प्रतिशत पदमा खरिदार वा सो सरह पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता भई कम्तीमा पांच वर्ष स्थायी सेवा अवधि पूरा गरेका सहायकस्तर पहिलो तहमा कार्यरत कर्मचारीहरु बीच प्रतिस्पर्धा गराई पदपूर्ति गर्नुपर्ने भएकाले निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति **२०७३।१।२१** गते सम्ममा रित्तपूर्वकको दरखास्त दिन पदपूर्ति समितिको मिति **२०७२।१२।२१** गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित उम्मेदवारले दरखास्त फाराम स्पष्टसंग भरी दरखास्त दाखिला गर्ने अन्तिम मिति भित्र काठमाडौं महानगरपालिका पदपूर्ति समितिको सचिवालय, राष्ट्रिय सभागृहमा बुझाइसक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

**पुनश्च:**

**१) परीक्षा दस्तुर रु. ३००(तीन सय) मात्र बुझाउनु पर्नेछ ।**
**२) बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि र तोकिएको योग्यता पुगेको हुनुपर्ने ।**
**२) बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य भएको हुन नहुने ।**
**३) दरखास्त फाराम भर्दा कर्मचारी संकेत नं. अनिवार्य उल्लेख गरेको हुनुपर्ने ।**
**४) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।**
**५) दरखास्त फाराम भर्दा स्पष्ट खुलाउनु पर्ने विवरण दरखास्त फारामको विभिन्न महलको द्रष्टव्यमा उल्लेख भए बमोजिम भर्नु पर्नेछ ।**

विवरण

| सि.नं. | वि.नं. | पद, तह, सेवा /समूह/उपसमूह | आ.प्र.द्वारा बढुवा हुने पदसंख्या | परीक्षा मिति र समय | |
|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १ | १८/०७२।०७३ | खरिदार वा सो सरह, सहायक स्तर चौथो तह, प्रशासन | ६(छ) | २०७३।४।३०<br>विहान ८:०० बजे | २०७३।४।३१<br>विहान ८:०० बजे |
| २ | १९/०७२।०७३ | सहलेखापाल, सहायक स्तर चौथो, प्रशासन | १(एक) | २०७३।४।३२<br>विहान ८:०० बजे | २०७३।५।१<br>विहान ८:०० बजे |